# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np


## छैठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०८।२८ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७५।०७।०४ गते बसेको ३४औं बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा शेयरधनी महानुभावको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभाहुने मिति** : २०७५ साल पौष महिना २९ गते आइतबार ।
**सभा शुरु हुने समय** : बिहान ११ बजे ।
**सभाहुने स्थान** : अम्रपाली ब्यांक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट, भाटभटेनी, काठमाण्डौ ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.ब. २०७४/७५ को बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०७५/०७६ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

**ख. विविध सम्बन्धमा ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनकालागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७५/०९/१२ र १३ गते २ दिन बन्द रहनेछ । दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७५/०९/११ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दाखिल खारेज बन्द भएको मितिले ५ (पाँच) कार्य दिनभित्र शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन र मतदान गर्न पाउने व्यहोरा अनुरोध छ ।
२ कम्पनीको साधारण सभाको सूचना, बार्षिक प्रतिवेदन, वित्तिय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.hpp.com.np मा हेर्न सक्नु हुनेछ ।
३. प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ ।
४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।
५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
६ सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको १० बजेदेखि सभा समय सम्म खुल्ला रहनेछ ।